# अपाङ्गता भएका व्यक्तिहरुका लागि स्वावलम्बन जीवनपद्धती केन्द्र काठमाडौंको आर्थिक वर्ष २०६५/२०६६ को वार्षिक प्रगति प्रतिवेदन

नेपालको लोकतान्त्रिक आन्दोलनसंगै पार्दुभाव यस संस्थाले ईन्डिपेन्डेन्ट लिभिङ्ग अवधारणाको मूल्य, मान्यता र सिद्धान्तमा आधारित संस्थाको विधानले निदृष्ट गरेबमोजिम अपाङ्गता भएका व्यक्तिहरुको हक, हित र अधिकार प्राप्ति, मौलिक हकको सुनिश्चिततता, मानव अधिकारको संरक्षण तथा सम्बर्द्धन, अपाङ्गताका कारण हुने सवै प्रकारका विभेदहरुको अन्त्य, समावेशी तथा समृद्ध समाजको निर्माण गरी स्वतन्त्र, स्वावलम्बी र स्वाभिमानीपूर्वक जीवनयापन गर्न मदत गर्ने, गराउने उदेश्यका साथ नेपालमा ईन्डिपेन्डेन्ट लिभिङ्ग अवधारणाको संस्थागत विकास गरी यसको सिदान्तमा आधारित कार्यक्रम गर्न, गराउन अनवरत रुपमा अगाडि बढीरहेको जानकारी गराउन पाउदा गौरवता महसुस भईरहेको छ ।

सवैलाई ज्ञात नै छ वर्तमान समय हामी अपाङ्गता भएका व्यक्तिहरुका लागि अवसर र चुनौतिको समय हो । नेपालकै ईतिहासमा पहिलो पटक जनताको प्रत्यक्ष संलग्नतामा निर्माण हुन गईरहेको संविधान, जसमा हामी अपाङ्गता भएका व्यक्तिहरुको शिक्षा, स्वाश्थ्य, रोजगार, पुर्नस्थापना, सहायक सामाग्री र सहयोगीलाई विशेषाधिकारका रुपमा स्थापित गराउनु छ । साथै अपाङ्गताका कारण हुने सवैखाले विभेद र कुरीतिलाई संवैधानिक रुपमा अन्त्यगरी समतामुलक, समावेशी र न्यायमा आधारित समृद्ध, सम्पन्न र अवरोधमुक्त देश बनाउनु छ । त्यस्तै अपाङ्गता भएका व्यक्तिहरुका लागि संयुक्त राष्ट्रसंघीय महासन्धिलाई नेपाल सरकारबाट अनुमोदन गराई तदअनुरुपका घरेलु ऐन, कानून र नीति बनाउनु अपरीहार्य छ । अपाङ्गता भएका व्यक्तिहरुको हक, हित र अधिकारलाई राष्ट्रियस्तरमा प्राथमिक सवालका रुपमा स्थापितगरी समाज र राज्यबाट वढी भन्दा बढी सेवा, सुविधा लिन र यस वापत राज्यलाई भरपुर योगदान पुऱ्याउन अपाङ्गता भएका व्यक्तिहरु, यीनका सम्वद्ध संस्था र सरकारबीच त्रीकोणात्मक सम्बन्ध स्थापित गर्नुछ । यो नै यस ईन्डिपेन्डेन्ट लिभिङ्ग सेन्टरको अन्तिम लक्ष र उद्देश्य हो । यस संस्था नेपालको अपाङ्गता आन्दोलनमा नवीन अवधारणाका साथ नेपालको परिवर्तित राजनीतिसँगै उदय भएकाले पनि यी तमाम सवालहरुको सन्दर्भमा हामी उत्तिकै जिम्मेवार छौं र हुनुपर्छ । ईन्डिपेन्डेन्ट लिभिङ्ग अवधारणा अपाङ्गता क्षेत्रको लागि महत्वपूर्ण सिद्धान्त हो, सुविधा हो र आन्दोलन पनि । तसर्थ माथिका राष्ट्रिय सवालहरुको सन्दर्भमा यसको उत्तिकै चासो हुन्छ र प्राप्तिका लागि अधिवाचन गर्दछ, आन्दोलन गर्दछ । नेपाली जनताको त्याग र बलिदानबाट प्राप्त लोकतन्त्रको संस्थागत विकास नभई सकेको यस परिप्रेक्षेमा हामीले प्रस्तुत गरेको Vision ले सोचे जति प्रगति गर्न सक्नु पक्कै पनि गाह्रो विषय हो । यसर्थ संस्थाको मूल्य र मान्यतामा आधारित कार्यक्रमहरुलाई ठोस रुपमा पुऱ्याउन र यसका सिद्धान्तलाई संस्थागत गर्न थप समय लाग्ने निश्चित प्राय छ । यो सबै हाम्रो क्रियाशीलत, लगनशीलता र प्रतिवद्धताले सम्भव छ भन्ने कुराको विश्वास दिलाउन चाहान्छु ।

यस संस्थाले ईन्डिपेन्डेन्ट लिभिङ्गको संस्थागत विकास गरी अतिअशक्त अपाङ्गता भएका व्यक्तिहरुलाई यस अवधारणा अर्न्तगत कार्यक्रमहरु मार्फत सेवा सुविधाहरु उपलब्ध गर्न, उनीहरुको खोज तथा अनुसन्धान गर्ने, क्षमता अभिविदृका साथै सशक्तिकरण गरी स्वतन्त्र, स्वावलम्बी र स्वाभिमानी जीवनयापन गर्न र अपाङ्गताको क्षेत्रमा नयाँ आयाम दिई परिवर्तनका दिशातर्फ उन्मूख गर्न आर्थिक वर्ष २०६५/२०६६ मा नेपाल सरकार तथा विभिन्न दातृ संघ संस्थाहरुको आर्थिक तथा प्राविधिक सहयोगमा यस संस्थाले सञ्चालन गरेका महत्पूर्ण गतिविधिहरु निम्न लिखित रहेका छन् ।

## १. अपाङ्गता मैत्री भौतिक संरचना अभियान

यस संस्थाले महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको आर्थिक सहयोगमा यस आ.व.२०६५/२०६६ मा विभिन्न सरकारी तथा सार्वजनिक महत्वका स्थानहरुमा अपाङ्गता सम्बन्धित संघ संस्थाका प्रतिनिधि, अपाङ्गता भएका व्यक्तिहरु, नागरीक समाज, पत्रकार, मानवअधिकारवादी आदि सम्मिलित अवरोधमुक्त अभियान कार्यक्रम सम्पन्न गरेको थियो । विभिन्न ५ स्थानमा सम्पन्न उक्त कार्यक्रममा १०० भन्दा बढी संख्यामा रहेका सहभागीहरुले

अपाङ्गता सम्बन्धित विविध सवालहरु अपिल पत्रका रुपमा पेश गरेका थिए भने यसमा कार्यालय प्रमुखहरुले सम्बोधन गर्ने कार्य भएको थियो । यी कार्यक्रमको संक्षिप्त विवरण निम्न बमोजिम रहेको छ ।

**१.१. स्थानीय विकास मन्त्रालय, ललितपुर**

*२०६५/मंसीर/१८ गते, ललितपुर:*

स्थानीय विकास मन्त्रालय र यस अर्न्तगतका निकायहरुको भौतिक संरचना अपाङ्ग मैत्री हुनु पर्ने, जि.वि.स., नगरपालिकाहरु, गा.वि.स.हरुका भौतिक संरचना तत्काल अपाङ्ग मैत्री बनाउन निर्देशनात्मक आदेश सहितको परिपत्र गर्नु पर्ने, पूर्ण र अतिअशक्त अपाङ्गता भएका व्यक्तिहरु सबैलाई अपाङ्ग भत्ता उपलब्ध गराईनु पर्ने, अपाङ्ग शसक्तिकरणका लागि स्थनीयस्तरमा कोटा किटान गरी कूल विकास बजेटको ५ प्रतिशत रकम विनियोजन गरिनु पर्ने माग राखी अवरोधमुक्त अभियान सञ्चालन गरेको थियो । अभियानबाट प्राप्त मागहरुमा स्थानीय विकास मन्त्रालयले उचित ध्यान दिने, सचिवज्यूलाई सहसचिव मार्फत ध्यानाकर्षण गर्ने प्रतिवद्धता उक्त अभियानलार्य सहसचिवले राख्नुभएको थियो ।

**१.२. त्रिभुवन विश्वविद्यालय, कृतिपुर**

*२०६६/फाल्गुन/१९ गते, कृतिपुर:*

त्रिभुवन विश्वविद्यालय र यस संग सम्बन्धन प्राप्त आंगिक क्याम्पसहरुको भौतिक संरचना अपाङ्ग मैत्री बनाईनु पर्ने, विश्वविद्यालय र क्याम्पसहरुमा अपाङ्गता भएका विद्यार्थीहरुलाई अपाङ्गता भएकै कारण विभेद गर्न नपाईने र भए गरेमा दण्ड सजाय गर्नु पर्ने, विश्वविद्यालय र क्याम्पसहरुको हरेक नीति तथा कार्यक्रमहरु अपाङ्ग मैत्री बनाईनु पर्ने, सेवा सुविधामा आरक्षणको व्यवस्था गरिनु पर्ने आदि माग राखी उक्त विश्वविद्यालयका तात्कालिन स्व.वि.यू सभापति श्री भीम श्रीषको उपस्थीतिमा अभियानकर्ताले अपिल पत्र पढेर सुनाएका थिए । भीम श्रीषले उपकूलपतिलाई अपाङ्गता भएका व्यक्तिहरुले प्रस्तुत गरेका जायज मागहरुका सम्बन्धमा कार्यन्वयनका लागि ध्यानाकर्षण गर्ने र अपिल पत्र सम्बन्धित पक्षलाई बुझाउने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो ।

**१.३. पर्यटन विकास वोर्ड**

*२०६६/चैत्र/११ गते, काठमाण्डौं*

पर्यटन विकास बोर्डका अधिकृत प्रचण्डमान श्रेष्ठ समक्ष अभियानकर्ताहरुले पर्यटन विकास वोर्डको कार्यालय र यस मातहतका अन्य भौतिक संरचना अपाङ्ग मैत्री बनाउन आग्रह गर्दै केन्द्रले तयार गरेको अपिल पत्र सुनाई हस्तान्तरण गरिएको थियो । अपिल पत्र बुझ्दै अपाङ्गता भएका व्यक्तिहरुल उठान गरेका सवाल जायज रहेको र यस क्रममा यस वोर्डले स्लोप निर्माण कार्य आरम्भ गरिसकेको बताउनुभयो । थप निर्माण कार्यका लागि सुझावका लागि विज्ञलाई अनुरोधसमेत गर्नुभयो । नेपालमा रहेका पर्यटकीय स्थललाई पनि क्रमश अपाङ्ग मैत्री बनाउदै लैजाने प्रतिवद्धतासमेत गर्नुभएको थियो ।

**१.४. पशुपति विकास कोष**

*२०६६/चैत्र/११, काठमाण्डौं:*

पशुपति विकास कोषका सदस्य सचिव परमानन्द शाक्यसँग भेटी पशुपति क्षेत्र विकास कोष अर्न्तगत पशुपतिनाथ मन्दिर अपाङ्गता मैत्री बनाउन कोषका सदस्य सचिवलाई अपिल पत्र बुझाउदै पत्रमा अन्तर्राष्ट्रिय मापदण्ड अनुसार शारीरिक अपाङ्गता भएका व्यक्तिहरुलाई सहज रुपमा पशुपतिनाथको दर्शन गर्न, दर्शनका क्रममा विशेष सेवा सुविधा प्रदान गर्न अनुरोध गरेका थिए । विश्व सम्पदा सूचिमा परेको यस क्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरुको सहज पहुँच नभएको, शौचालयको सुविधा नभएको र विभिन्न झनझट व्यहोर्नु परेको गुनासो अभियानकर्ताले गरेका थिए ।

### १.५. नेपाल राष्ट बैंक

*२०६६/जेष्ठ/२५, काठमाण्डौं:*

नेपाल राष्ट्र बैंकका तात्कालिन गभर्नर दिपेन्द्रबहादुर क्षेत्रीसँग भेटी बैंकिङ्ग क्षेत्रलाई पनि अपाङ्गता मैत्री बनाउन अनुरोध गरेको छ । अपाङ्गता भएका व्यक्तिहरुका लागि काम गर्ने केन्द्रले राष्ट्र बैंक र बैंक तथा वित्तीय संस्थाका भौतिक संरचना अपाङ्गता भएका व्यक्तिहरुका लागि पनि सजिलो हुने गरी निर्माण गर्न आग्रह गरेको हो । अभियानकर्ताले गभर्नर क्षेत्रीलाई बुझाएको पत्रमा कागजी मुद्रा र सिक्कामा अन्तर्राष्ट्रिय मापदण्ड अनुसार दृष्टिविहीनले सजिलै चिन्न सक्ने व्यवस्था गर्न अनुरोध गरेका थिए । अहिले बैंकहरुले आधुनिक सुविधा उपलब्ध गराए पनि नगद तथा एटिएम काउन्टरहरु अपाङ्गता मैत्री नभएको गुनासो केन्द्रले गरेको थियो । अपाङ्गलाई स्वरोगार बनाउन विना धितो न्यून व्याजमा ऋण उपलब्ध गराउन समेत माग गरेको छ । क्षेत्रीले बैंकिङ्ग क्षेत्र र नेपाली मुद्रालाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप अपाङ्गता मैत्री बनाउन आफुले सक्दो प्रयास गर्ने जानकारी दिनु भएको थियो । शारीरिक अपाङ्गता भएका व्यक्तिहरुको दैनिक जीवनयापनमा अवरोधका रुपमा देखिएका भौतिक संरचनालाई अपाङ्गतामैत्री बनाउनुपर्नेमा केन्द्रले जोड दिएको । केन्द्रले नेपाल राष्ट्र बैक र उसका मातहतका सम्पूर्ण बैंक तथा वित्तीय संस्थाका भौतिक संरचनाअन्तर्गतका कार्यालय भवन, शौचालय काउन्टर र प्रबेशद्धार अपाङ्ग व्यक्तिहरुका लागि आवतजावत गर्न सजिलो हुनेगरी पूर्ण रुपले अपाङ्गमैत्री बनाउन नेपाल राष्ट्र बैकले आवश्यक निर्देशन दिने विश्वाससमेत लिएको छ ।

## २. स्वावलम्बन जीवनपद्दती अवधारणा विषयक क्षेत्रीय अभिमुखीकरण तालिम

नेपालमा स्वावलम्बन जीवनपद्दती (ईन्डिपेन्डेन्ट लिभिङ्ग) अवधारणाको संस्थागत विकास गर्ने र यस सम्बन्धी कृयाकलाप सञ्चालन गर्ने कार्य भईरहेको यस सन्दर्भमा यस अवधारणालाई देश व्यापी रुपमा स्थापित गरी देशमा रहेका पूर्ण र अतिअशक्त अपाङ्गता भएका व्यक्तिहरुको प्रत्यक्ष संलग्नतामा प्रत्यक्ष सेवा सुविधा प्रदान गर्ने अभिप्रायले महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको आर्थिक सहयोगमा देशका विभिन्न जिल्लाहरुमा स्वावलम्बन जीवनपद्दती अवधारणा अभिमुखी करण कार्यक्रम सम्पन्न भएको थियो । तीन दिनसम्म सञ्चालन यस कार्यक्रमको पहिलो दिन त्यस जिल्लास्थित अपाङ्गताको क्षेत्रमा क्रियाशिल संस्थाका पदाधिकारीहरुसंग बैठक गरी संस्थाको संस्थागत विकास सम्बन्धमा छलफल भएको थियो । दोश्रो दिनको कार्यक्रममा स्वावलम्बनजीवनपद्दती अवधारणा सम्बन्धि पूर्ण र अतिअशक्त अपाङ्गता भएका व्यक्तिहरुलाई तालिम प्रदान गरीएको थियो । तेश्रो दिन अवरोधमुक्त विशेष कार्यक्रमले स्थानीयस्तरमा रहेका सरकारी कार्यालयहरुलाई अपाङ्गता मैत्री बनाई स्थानीयस्तरबाट प्राप्त हुने सेवा सुविधा सर्व सुलभ पाउने, अपाङ्गता भएका व्यक्तिहरुले समस्याको पहिचान गरी सम्वद्ध कायर्यलयका प्रमुखहरुलाई अभियान मार्फत अपिल पत्र हस्तान्तरण गरेको थियो । कार्यक्रम सम्पन्न जल्लाहरु निम्न लिखित रहेका छन् ।

### २.१. कैलाली, धनगढी

*फाल्गुण ८, ९ र १० गते धनगढि, कैलाली:*

पहिलो दिन, स्वावलम्बन जीवनपद्दती केन्द्र कैलालीका कार्यसमितिसँग बैठकगरी संस्थाको गतिविधि, यस जिल्लामा रहेका समस्याको पहिचान, अपाङ्गता भएका व्यक्तिहरुले भोग्नु परेका चुनौतीहरु पहिल्याउनुका साथै संस्थाको विवरण तयार गर्ने र अन्तिम दिनको अवरोधमुक्त अभियान कार्यक्रमका लागि जिल्लास्थित सरोकारवाला निकाय जस्तै जिल्ला प्रसासन कार्यालय, जिल्ला शिक्षा कार्यालय, महिला विकास शाखा, जिल्ला विकास समिति र धनगढी नगरपालिकाका प्रमुखलाई बुझाउने सवालहरु निर्माण गर्ने कार्य सम्पन्न गरिएको थियो । यस वैठकमा संस्थाका ९ जना पदाधिकारी र श्रोत व्यक्तिहरु ३ जनाको उपस्थितिरहेको थियो ।

दोश्रो दिन, स्वावलम्बन जीवनपद्दती अवधारणा सम्बन्धि तालिम श्रोत व्यक्ति ध्रुबहरी न्यौपाने, कृष्ण गौतम र गणेश के.सी.ले नेपालमा अपाङ्गता आन्दोलन, ईन्डिपेन्डेन्ट लिभिङ्ग अवधारण विषयवस्तुमा प्रशिक्षण गर्नु भएको थियो । कार्यक्रमको अन्त्यमा सहभागीहरुबाट

जिल्लामा रहेका समस्याहरुको पहिचान गरी अर्को दिनको अभियानका लागि विभिन्न सरकारी कार्यालय प्रमुखहरुलाई हस्तान्तरण गर्ने अपिल पत्र तयार पारीएको थियो ।

तेश्रो दिन, अवरोधमुक्त अभियान कार्यक्रममा विभिन्न संघ संस्थाका प्रतिनिधि, नागरीक समाज, मानवअधिकारवादी, पत्रकार सम्मिलत अवरोधमुक्त अभियान समूह जिल्ला प्रशासन कार्यालय, जिल्ला शिक्षा कार्यालय, जिल्ला विकास समिति, महिला विकास कार्यालय र धनगढी नगरपालिकामा पुगी कार्यालयका प्रमुखहरुलाई अभियान समूहका तर्फबाट अपिल पत्र बुझाईनुका साथै अभियानकर्ताले विभिन्न विषयमा गुनासो गरेका थिए ।

**२.२. मकवानपुर, हेटौडा :**

*१८, १९ र २० बैशाख २०६६, हेटौडा ।*

पहिलो दिन, स्वावलम्बन जीवनपद्दती केन्द्र मकवानपुरका कार्यसमितिसंग बैठक गरी यस संस्थाको गतिविधि, यस जिल्लामा रहेका समस्याको पहिचान, अपाङ्गता भएका व्यक्तिहरुले भोग्नु परेका चुनौतीहरु पहिल्याउनुका साथै संस्थाको विवरण तयार गर्ने कार्य भएको थियो ।

दोश्रो दिन, स्वावलम्बन जीवनपद्दती अवधारणा सम्बन्धि तालिम श्रोत व्यक्ति ध्रुबहरी न्यौपाने र गणेश के.सी.ले ईन्डिपेन्डेन्ट लिभिङ्ग अवधारणा सम्बन्धि प्रशिक्षण गर्नुभएको थियो । कार्यक्रमको अन्त्यमा सहभागीहरुबाट जिल्लामा रहेका समस्याहरुको पहिचान गरी अर्को दिनको अभियानका लागि विभिन्न सरकारी कार्यालय प्रमुखहरुलाई हस्तान्तरण गर्ने अपिल पत्र तयार पारिएको थियो ।

तेश्रो दिन, अवरोधमुक्त अभियान कार्यक्रममा छलफलबाट प्राप्त भएका मुद्दाहरुलाई विभिन्न पाँच सरकारी कार्यालय जिल्ला विकास समिति स्थानीय विकास अधिकारी भूवनप्रकाश विष्ट, जिल्ला शिक्षा कार्यालयका कार्यालय प्रमुख महेन्द्र पौडेल, हेटौडा नगरपालिकाका कार्यकारीणी अधिकृत भरत ढुंगाना, महिला विकास अधिकृत प्रतिमा मिश्रलाई छुटा छुटै भेटी अपिल पत्र बुझाईएको थियो । उक्त अभियानमा यस जिल्लाका ७० जनाको सहभागिता रहेको थियो ।

**२.३. कास्की, पोखरा**

*२०६५ चैत्र २९, ३० र ३१ गते , पोखरा कास्की:*

पहिलो दिन, स्वावलम्बन जीवनपद्दती केन्द्र पोखराका कार्यसमितिसँग बैठक ईन्डिपेन्डेन्ट लिभिङ्ग सेन्टर काठमाण्डौंका श्रोत व्यक्तिद्धय गणेश के.सी. र ध्रुवहरी न्यौपानेको समुपस्थितिमा ईन्डिपेन्डेन्ट लिभिङ्ग सेन्टर पोखराका कार्यसमितिका पदाधिकारीहरुले संस्थाको स्थापन, लक्ष्य, उद्धेश्य, ध्येय, दृष्टि कार्यनीति र दिगो विकासकाबारेमा छलफल गरेका थिए ।

दोश्रो दिन, स्वावलम्बन जीवनपद्दती अवधारणा सम्बन्धि तालिममा विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको सहभागितामा ईन्डिपेन्डेन्ट लिभिङ्ग अवधारणा, यसको महत्व र अपाङ्गता भएका व्यक्तिहरुले सामना गरिरहेका धारणागत, नीतिगत र भौतिक अवरोधहरुका सन्दर्भमा एक दिने बृहद छलफल कार्यक्रम आयोजना भएको थियो । छलफलबाट प्राप्त निचोडका आधारमा अपाङ्गता भएका व्यक्तिहरुले भोग्नु परिरहेका अवरोधहरुलाई सुत्रवद्ध गरी कास्की जिल्लाका सरकारी कार्यालयहरुमा ज्ञापन पत्र बुझाउने विषयमा निर्णय गरिएको थियो ।

तेश्रो दिन, अवरोधमुक्त अभियान कार्यक्रम जिल्लास्थित विभिन्न सरकारी कार्यालयहरुमा पुगी कार्यालय प्रमुखहरुसँग छुट्टा छुट्टै भेटघाट गरी छुट्टा छुट्टै ज्ञापन पत्र बुझाइएको थियो । आई.एल.सेन्टर काठमाण्डौंका पदाधिकारीहरु, अपाङ्गता अधिकारकर्मीहरु, मानव अधिकारकर्मीहरु, पत्रकारहरु सम्मिलित ठूलो समूहको नेतृत्व गर्दै ईन्डिपेन्डेन्ट लिभिङ्ग सेन्टर पोखराका अध्यक्ष श्री गंगाबहादुर खड्काद्धारा उक्त ज्ञापन पत्र बुझाउनु भएको थियो ।

**२.४. बाँके, कोहलपुर**

*फाल्गुण ८, ९ र १९ गते बांके, कोहलपुर:*

पहिलो दिन, अपाङ्ग नवजीवन केन्द्र बाँकेका कार्यसमितिसंग बैठक ईन्डिपेन्डेन्ट लिभिङ्ग सेन्टर काठमाण्डौंका श्रोत व्यक्तिहरु कृष्ण गौतम, गणेश के.सी. र ध्रुवहरी न्यौपानेको

उपस्थितीमा अपाङ्ग नवजीवन केन्द्र बाँकेका कार्यसमितिका पदाधिकारीहरुले संस्थाको स्थापन, लक्ष्य, उद्धेश्य, ध्येय, दृष्टि कार्यनीति र दिगो विकासका बारेमा छलफल भएको थियो । यसका साथै संस्थाको संस्थागत विकासका क्रममा आईपर्ने चुनौती र अवसरका बारेमा समेत विचार विमर्श भएको थियो ।

दोश्रो दिन, स्वावलम्बन जीवनपद्दती अवधारणा सम्बन्धी तालिम श्रोत व्यक्ति ध्रुबहरी न्यौपाने, गणेश के.सी. र कृष्ण गौतमले नेपालमा अपांगताको अभियानको शुरुवात, ईन्डिपेन्डेन्ट लिभिङ्ग अवधारणा माथि प्रशिक्षण गर्नु भएको थियो । कार्यक्रमको अन्त्यमा सहभागीहरुबाट जिल्लामा रहेका समस्याहरुको पहिचान गरी अर्को दिनको अभियानका लागि विभिन्न सरकारी कार्यालय प्रमुखहरुलाई हस्तान्तरण गर्ने अपिल पत्र तयार पारिएको थियो ।

तेश्रो दिन, अवरोधमुक्त अभियान कार्यक्रम जिल्ला स्थित जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समिति, जिल्ला शिक्षा कार्यालय नेपालगंज नगरपालिका र महिला विकास कार्यालय बाँके समक्ष अपिल राखी आफ्ना समस्या तथा गुनासा पोख्न, बाँके जिल्लाका विभिन्न स्थानबाट सबै प्रकारका अपाङ्गता भएको व्यक्तिहरुको सकृय सहभागितामा कार्यालय प्रमुखसँग आफ्ना अपिलहरु प्रस्तुत गरिएको थियो ।

**२.५. मोरङ्ग, विराटनगर**

*असार २७, २८ र २९ गते*

पहिलो दिन, सामर्थ्य समाज विराटनगरका कार्यसमितिसँग बैठक ईन्डिपेन्डेन्ट लिभिङ्ग सेन्टर काठमाण्डौंका श्रोत व्यक्तिहरु कृष्ण गौतम, गणेश के.सी. र ध्रुवहरी न्यौपानेको उपस्थितीमा सामर्थ्य समाज विराटनगरका कार्यसमितिका पदाधिकारीहरुले संस्थाको स्थापन, लक्ष्य, उद्देश्य, ध्येय, दृष्टि कार्यनीति र दिगो विकासका बारेमा छलफल भएको थियो ।

दोश्रो दिन, स्वावलम्बन जीवनपद्दती अवधारणा सम्बन्धी तालिम श्रोत व्यक्ति ध्रुबहरी न्यौपाने, गणेश के.सी. र कृष्ण गौतमले ईन्डिपेन्डेन्ट लिभिङ्ग अवधारणाको ईतिहास, यसका सिद्धान्त, शाब्दिक अर्थ, क्रियाकलापहरु लगायत विषयवस्तुसँग सम्बन्धित विषयवस्तु माथि प्रशिक्षण गर्नुभएको थियो । कार्यक्रमको अन्त्यमा सहभागीहरुबाट जिल्लामा रहेका समस्याहरुको पहिचान गरी अर्को दिनको अभियानका लागि विभिन्न सरकारी कार्यालय प्रमुखहरुलाई हस्तान्तरण गर्ने अपिल पत्र तयार पारिएको थियो ।

तेश्रो दिन, अवरोधमुक्त अभियान कार्यक्रम जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समिति, जिल्ला शिक्षा कार्यालय, विराटनगर उपमहानगरपालिका, महिला विकास कार्यालय, कोशी अञ्चल अस्पताल विराटनगरका कार्यालयहरुमा दुई दिनको छलफल तथा अर्न्तक्रिया कार्यक्रममा पहिचान भएका सवालहरु अवरोधमूक्त अभियानमार्फत जिल्लाका विभिन्न सरकारी कार्यालयका प्रमुखहरुलाई अपीलपत्र हस्तान्तरण गरिएको थियो ।

**३. युगल परामर्श (Peer Councelling) कार्यक्रम**

महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको आर्थिक सहयोगमा यस संस्थाले यस आ.व. २०६५/२०६६ मा विभिन्न १२ चरणमा १०० जना अपाङ्गता भएका व्यक्तिहरुलाई दौतरी परामर्श कार्यक्रम सम्पन्न गरेको थियो । विभिन्न प्रकारका पूर्ण र अतिअशक्त अपाङ्गता भएका व्यक्तिहरुलाई राष्ट्रिय तथा अर्न्तराष्ट्रिय श्रोत व्यक्तिहरु मार्फत यस प्रकारको कार्यक्रमको आयोजना गरिएको थियो । यो कार्यक्रम अपाङ्गता भएका व्यक्तिले अपाङ्गता भएका व्यक्तिलाई विशेष नियमका साथ सञ्चालन गरिन्छ । यस संस्थाले पूर्ण र अतिअशक्त अपाङ्गता भएका व्यक्तिहरुलाई शसक्तिकरण गर्न, आत्म विश्वास बृद्धि गर्न, मनोबल बढाउन, समस्याहरुको पहिचान गर्न, दैनिक जीवनमा स्वतन्त्र, स्वावलम्बी र स्वाभिमानी जीवनयापनका लागि अभिप्रेरीत गर्न, अधिकारकावारेमा सचेत र सजग बनाउन, आफुमा रहेको हिन्ता बोधको अन्त्य गर्न यस प्रकारको कार्यक्रम सञ्चालन गर्ने गरिन्छ । यस कार्यक्रममा अपाङ्गता भएका महिलाहरुका लागि विशेष दौतरी परामर्श समेत गरिएको थियो । अपाङ्गता भएका महिलाहरु समस्याको पहिचान गर्ने, अपाङ्गता भएका महिलाहरुमा व्याप्त हिनताबोधको अन्त्य गर्ने, अपाङ्गता भएका महिलाहरुबीच रहेका चुनौती तथा सफलताका विषयहरु आदानप्रदान गर्ने, अपाङ्गता भएका महिलाहरुलाई ईन्डिपेन्डेन्ट लिभिङ्ग सम्बन्धी

आवधारणाको ज्ञान, सीप प्रदान गर्ने, अपाङ्गता भएका महिलाहरुका लागि युगल परामर्शको महत्व, यसको विधिहरुको ज्ञान दिलाउने कार्य गरिएको थियो ।

**४. स्वावलम्बन जीवनपद्दती क्षमता अभिवृद्धि कार्यक्रम (Independent Living Skill Program)**

महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको आर्थिक सहयोगमा यस संस्थाले यस आ.व. मा विभिन्न १० चरणमा १०० जना अपाङ्गता भएका व्यक्तिहरुलाई स्वावलम्बन जीवनपद्दती क्षमता अभिवृद्धि कार्यक्रम सम्पन्न गरेको थियो । विभिन्न प्रकारका पूर्ण र अतिअशक्त अपाङ्गता भएका व्यक्तिहरुलाई यस प्रकारको कार्यक्रमको आयोजना गरिएको थियो । दैनिक जीवनका अत्यन्त महत्वपूर्ण कृयाकलापहरु स्वयम् गर्न सक्ने र यसका लागि आवश्यक विधि, सीप, क्षमता बढाउनु पर्ने उद्देश्यले यस केन्द्रले यस कार्यक्रम गरेको हो । अपाङ्गता भएको व्यक्तिले पनि सामान्य नागरिकसरह ईच्छाएको कृयाकलाप गर्न पाउनु पर्ने अधिकारलाई अभिप्रेरित गर्ने यस कार्यक्रममा खासगरी दैनिक जिवनका सामान्य कृयाकलाप गर्न अभिप्रेरित गर्दछ । दैनिक जीवनमा आवश्यक व्यक्तिगत सरसफाई, पहिरन, शौचालयको प्रयोग, खाना पकाउन, कपडा धुन, सहायक सामाग्रीको प्रयोग गर्न, हिडडुल गर्न, सहयोगी परिचालन गर्न, कार्यालयमा टेलिफोन उठाउने देखि कम्प्युटर चलाउन, बजार गर्न, खेलकुद तथा मनोरञ्जनमा सहभागी हुने देखि अन्य थुप्रै दैनिक जीवनका कृयाकलापहरुको सिकाई गरीएको थियो ।

**५. सहयोगी उत्पादन तथा परिचालन कार्यक्रमः**

यस संस्थाले महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय र एशिया पेशिफिक नेटवर्क अफ ईन्डिपेन्डेन्ट लिभिङ्गको आर्थिक सहयोगमा सहयोगी उत्पादन तथा परिचालन कार्यक्रम गर्दै आईरहेको छ । यसका लागि विभिन्न शैक्षिक संस्थाहरुबाट यस क्षेत्रमा कार्य गर्न चाहने ईच्छुक विधार्थीहरुलाई अपाङ्गता सम्बन्धि प्रशिक्षण गर्ने, अर्न्तवार्ता लिने र छनौट भएका व्यक्तिहरुलाई सहयोगी सम्बन्धि तालिम दिने र पूर्ण र अतिअशक्त अपाङ्गता भएका व्यक्तिहरुको लागि परिचालन गर्ने गरिएको छ । यसैबीच यस संस्थाले पाटन संयुक्त क्याम्पसमा अपाङ्गता सम्बन्धि अभिमुखीकरण कार्यक्रम सम्पन्न गरी, यस कार्यक्रमबाट छनौटमा परेका व्यक्तिलाई अर्न्तवाता, तालिम र त्यस पश्चात परिचालन गर्ने काम गरेको थियो ।

**६. ईन्डिपेन्डेन्ट लिभिङ्ग अनुभव घर कार्यक्रम (Independent Living House Experience Program)**

महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको आर्थिक सहयोगमा यस संस्थाले यस आ.व. मा विभिन्न २० चरणमा ४० जना अपाङ्गता भएका व्यक्तिहरुलाई ईन्डिपेन्डेन्ट लिभिङ्ग अनुभव घर कार्यक्रम सम्पन्न गरेको थियो । विभिन्न प्रकारका पूर्ण र अतिअशक्त अपाङ्गता भएका व्यक्तिहरुलाई यस प्रकारको कार्यक्रमको आयोजना गरिएको थियो । ईन्डिपेन्डेन्ट लिभिङ्ग सेन्टर काठमाडौंले ईन्डिपेन्डेन्ट लिभिङ्ग अवधारणामा आधारित ईन्डिपेन्डेन्ट लिभिङ्ग अनुभव कार्यक्रम सञ्चालन गरिरहेको छ । काठमाण्डौ उपत्यकामा रहेका पूर्ण र अतिअशक्त अपाङ्गता भएका व्यक्तिहरुको पहिचान गरी उनीहरुलाई संस्थामा स्थापना गरिएको अनुभव घरमा आवश्यक सुविधा सहित विभिन्न शिप, तालिम र कृयाकलापको आयोजना गरी वास्तविक जीवनको अनुभूति दिने कार्यक्रम सम्पन्न गरेको थियो । कार्यक्रममा सहयोगीहरुको परिचालन विधि, सहयोग गर्ने तरिका, खाना पकाउने तरिका, ब्रस गर्ने तरिका, ट्वाईलेट गराउने तरिका आदिको बारेमा तालिम प्रदान गरिएको थियो ।

**७. अपाङ्गता पत्रकारिता पुरस्कार कोष**

यस संस्थाले मुनिश्वर स्मृति समाजको सहकार्यमा राष्ट्रपतिको कार्यालय शित्तल निवासको व्यवस्थापनमा २०६६ माघ ६ गते राष्ट्रपति कार्यालयमा महामहिम राष्ट्रपति डा. रामवरण यादवको प्रमुख आतिथ्यमा विशेष कार्यक्रमका साथ यस वर्षको मुनिश्वर अपाङ्गता पत्रकारिता पुरस्कार नेपाल टेलिभिजन संघर्ष कार्यक्रमका प्रस्तोता आरती चटौतलाई सम्मान पत्र र रु ५०३१ बाट सम्मान गरिएको थियो । साथै उक्त कार्यक्रममा अपाङ्गताको क्षेत्रबाट संचार माध्याममा सक्रिय दृष्टिविहिन पत्रकार श्री ओम प्रकास बञ्जाडेलाई सम्मान पत्र र रु

१००१ स्वरुप सम्मान गरिएको थियो । उक्त समारोहमा नेपाल सरकारका विशिष्ट व्यक्तित्व, पत्रकार, नागरीक समाज, संघ संस्थाका प्रतिनिधि, पत्रकारहरुको उल्लेख्य सहभागीता रहेको थियो ।

**८. वकालत पैरवी कार्यक्रम**

महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय र मेनस्ट्रीम यशोसिएसन जापानको आर्थिक सहयोगमा यस केन्द्रले आई.एल.अबधारणाको संस्थागत विकास गर्न, यसको व्यापक प्रचारप्रसार गर्न, यस सम्बन्धि नीति तथा कार्यक्रम निर्माण गर्न, यस अबधारणालाई राष्ट्रिय मान्यता दिई यस अनुरुप कार्य गर्न, अपाङ्गता भएका व्यक्तिहरुको सवालहरुलाई संविधानमा लिपिवद्ध गर्न, अपाङ्गताको सवाललाई राष्ट्रिय प्राथमिकता दिन, राज्यबाट प्राप्त हुने सेवा, सुविधाहरुलाई सहज रुपमा प्राप्त गर्न तथा भए गरेका नीति कार्यक्रमलाई कार्यनवयन गर्न गराउने नेपाल सरकार, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गैर सरकारी संघ संस्था, नागरीक समाज, पेशागत कर्मी, राजनीतिक कर्मी, पत्रकार, सरकार, सांसद आदिलाई सचेत बनाउने र यस सवालको सम्बोधनका लागि संवेदनशिल बनाउन वकालत/पैरवी गरेको थियो । वकालत/पैरवीका क्रममा सरोकारवाला निकायसंग बैठक, डेलिगेसन, भेटघाट, लविङ्ग आदि कृयाकलाप गरेर सम्पन्न गरिएको थियो ।

**९.ईन्डिपेन्डेन्ट लिभिङ्ग चौतारी कार्यक्रम**

यस संस्थाले एक्सन एड नेपालको आर्थिक सहयोगमा प्रत्येक महिना अपाङ्गता सम्बन्धित विविध सवालहरुलाई लिएर ईन्डिपेन्डेन्ट लिभिङ्ग चौतारी कार्यक्रम सम्पन्न गरिएको थियो । यस आ.व.मा मानवअधिकारवादी संघ संस्थाहरुसंग अर्न्तकृया कार्यक्रम, विधुतीय सञ्चार माध्यमका पत्रकारहरुसंग अर्न्तकृया कार्यक्रम, सभासदहरुसंग अर्न्तकृया कार्यक्रम र विभिन्न संघ संस्थाहरुका प्रतिनिधिहरुसँगको अर्न्तकृया कार्यक्रम सम्पन्न भएको थियो ।

**१०. सूचना सम्प्रेषण तथा सिफारिस**

मेन्स्ट्रीम यशोसीएसन जापानको आर्थिक सहयोगमा यस संस्थाले आफूले गरेका सम्पूर्ण गतिविधिहरुलाई सूचना प्रविधि मार्फत सार्वजनिक गर्ने, सूचना आदान प्रदान गर्ने, अपाङ्गता भएका व्यक्तिहरुलाई विभिन्न सूचना गरी जानकारी गराउने कार्य गरिरहेको छ । यसका साथै अपाङ्गता भएका व्यक्तिहरुलाई शिक्षा, स्वास्थ्य, रोजगारका लागि सिफारीस गर्ने, सहायक सामाग्री उपलब्ध गराउने, जस्ता अति महत्वपूर्ण कार्य गरिरहेको छ । सीमित साधन श्रोतका वावजुद पनि अपाङ्गता भएका व्यक्तिहरुको समग्र हितका लागि अन्य थुप्रै कार्य यस संस्थाले गरेको छ । जसलाई मासिक प्रतिवेदनका रुपमा जम्मा गर्ने, डकुमेन्टेसन गर्ने, बुलेटिन, वेव साईटबाट जानकारी गराउने कार्य गरिएको छ । आगामी दिनमा पनि यसलाई परिमार्जित गर्दै लैजाने र सूचना तथा श्रोत केन्द्रका रुपमा विकास गर्ने यस संस्थाको कार्यक्रम रहेकोछ । यस संस्थालाई परिवर्तनको सम्बाहक बनाई अपाङ्गताको क्षेत्रमा आमूल परिवर्तन गर्ने लक्ष्य अनुरुप यो संस्था अगाडि बढी रहेको छ ।

**११.संस्थागत व्यवस्थापन तालिमः**

*२०६६/०३/१ देखि ३ गते, काठमाण्डौं*

ईन्डिपेन्डेन्ट लिभिङ्ग सेन्टर र स्त्री शक्तिको संयुक्त आयोजनामा यस संस्थाका पदाधिकारी र कर्मचारीलाई तीन दिनको संस्थागत व्यवस्थापन तालिम काठमाण्डौको होटेल होलिडे ताजमा सम्पन्न गरेको थियो । उक्त तालिममा राष्ट्रिय तथा अर्न्तराष्ट्रियस्तरमा प्रसिद्धि कमाएका प्रशिक्षक दिपक तामाङ्ग प्रमुख प्रशिक्षकका रुपमा हुनुहुन्थ्यो भने अन्य प्रशिक्षकमा शैलेषमान श्रेष्ठ हुनुहुन्थ्यो । तीन दिनमा सम्पन्न संस्थागत व्यवस्थापन तालिममा स्त्री शक्तिका प्रमुख ईन्दिरा श्रेष्ठ, शैलेष श्रेष्ठ लगाएत स्त्री शक्तिका र सर्च नेपालका अन्य कर्मचारीको पनि सक्रिय सहभागीता रहेको थियो । यस कार्यक्रममा यस संस्थाबाट १६ जना सहभागी हुनुहुन्थ्यो ।

**१२. समन्वय र सम्पर्क**

मेन्स्ट्रीम यशोसीएसन जापानको आर्थिक सहयोगमा अपाङ्गता भएका व्यक्तिहरुको हक, हित र अधिकारको संरक्षण तथा सम्बर्द्धन तथा मानव अधिकारको प्रत्याभूतका लागि विभिन्न

सरकारी तथा गैरसरकारी निकाय, संघ/संस्था, विभागहरुसँग राम्रो समन्वयात्मक भूमिका यस संस्थाले गरिरहेको छ । यो संस्था नेपाल मानवअधिकार संयुक्त मञ्च, नागरीक आन्दोलन, लोकतान्तिक गैरसरकारी संस्था महासंघ जस्ता सञ्जालको सदस्य संस्था बन्न सकेको छ भने अर्न्तराष्ट्रिय क्षेत्रमा पनि एशिया पेशिफिक नेटवर्क अफ आई.एल, एशिया कोकोरोजासी नेटवर्क लगाएतका संस्थामा आवद्ध भई सकेको छ । यस संस्थाले नेपालमा ईन्डिपेन्डेन्ट लिभिङ्ग अवधारणाको विकास र प्रवद्धनका लागि नेपाल स्थीत विभिन्न सरकारी कार्यालय जस्तै महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, शिक्षा मन्त्रालयमा निरन्तर समन्वय र सम्पर्क गरी कार्य गरीरहेको छ भने विभिन्न मानवअधिकारबादी संघ संस्था, सञ्जाल, पेशागत संघ संस्था संग पनि निरन्तर सम्पर्कमा रहेको छ । यसका साथै अर्न्तराष्ट्रिय संघ संस्था जस्तै ए.पि.एन.आई.एल, वील्यू ल, एविलिस फाउन्डेसन, किवज, जापान स्थति विभिन्न आई.एल. सेन्टरहरु, क्यानडा आई.एल सेन्टरहरु, ताईवान, पाकिस्तान, कम्बोडिया, थाईल्याण्ड स्थीत विभिन्न संघ संस्थासंग निरन्तर समन्वय र सम्पर्क गरीरहेको छ । जस अनुसार यस वर्ष कम्बोडियामा सम्पन्न प्रथम ईन्डिपेन्डेन्ट लिभिङ्ग सेमिनारमा यस संस्थाका महासचिव कृष्ण गौतम वक्तम अतिथिका रुपमा सहभागी हुनु भएको थियो । उक्त कार्यक्रममा कम्बोडियाका विभिन्न संघ संस्था, जापान, थाईल्याण्डबाट उपस्थित विभिन्न संघ संस्थासंग नेपालमा ईन्डिपेन्डेन्ट लिभिङ्ग र यस विषय अर्न्तगत छलफल भएको थियो ।

**१३. यस आ.व.मा संस्थाले प्राप्त गरेका उल्लेखनीय उपलब्धीहरुः**

- यस संस्थाको निरन्तरको अवरोधमुक्त अभियानका कारण यस वर्ष पर्यटन वोर्डमा स्लोप निर्माण हुनुका साथै सिंहदरबार स्थीत विभिन्न मन्त्रालयहरु अपाङ्गतामैत्री बनेका छन् साथै अभियान सञ्चालन भएका अन्य क्षेत्रमा समेत छिटो भन्दा छिटो भौतिक संरचना अपाङ्ग मैत्री बनाउने प्रतिवद्दता भएको छ । साथै अन्य नवनिर्मित भवन तथा सार्वजनिक स्थलहरु पनि क्रमशः अपाङ्गमैत्री भईरहेका छन् ।
- कैलाली, बाँके, कास्की, मकवानपुर र मोरङ्गमा अतिअशक्त अपाङ्गता भएका व्यक्तिहरुका लागि स्वावलम्बन जीवनपद्दती अवधारणा विषयक अभिमुखीकरण कार्यक्रमको आयोजना गरी करिव २०० जना अपाङ्गता भएका व्यक्तिहरुले यस सम्बन्धमा ज्ञान हासिल गर्न सफल भएको, यी संस्थाहरुको संस्थागत विकास भई अपाङ्गता भएका व्यक्तिहरुले सहज रुपमा सेवा, सुविधा प्राप्त गर्न थालेका छन् र सरकारी कार्यालयहरुमा स्लोप निर्माण भएका छन् ।
- यस संस्थाले पूर्ण र अतिअशक्त अपाङ्गता भएका व्यक्तिहरुलाई दौतरी परामर्श, ईन्डिपेन्डेन्ट लिभिङ्ग कार्यक्रम, अनुभवी घर कार्यक्रम, सहयोगी उत्पादन तथा परिचालन गर्ने जस्ता कार्यक्रमबाछ २५० जना अपाङ्गता भएका व्यक्तिहरु प्रत्यक्ष लाभान्वित भएका छन् ।
- संविधानमा अपाङ्गता भएका व्यक्तिहरुको सवालहरुलाई पहिचान गरी यसलाई संविधानको मौलिकहकमा विशेषाधिकारका रुपमा लिपिवद्ध गर्न राजनीतिक दल, नागरिक समाज, पेशागत संघ सगठन, संविधान सभाका सभासद, सभामुख सकरात्मक भएका छन् ।